# पूर्वाञ्चल विश्वविद्यालय
परीक्षा व्यवस्थापन कार्यालय
विराटनगर, नेपाल

☎: ०२१-४६१२४०
इमेल : puoemgt@puexam.edu.np
वेबसाइट : www.puexam.edu.np


प.सं. : 2080/079
च.नं. : 606

मिति वि.सं.: २०८०/११/२०
A.D.: 2024/03/03

**श्री क्याम्पस प्रमुखज्यू,**

विज्ञान तथा प्रविधि संकाय अन्तर्गत अधि-स्नातक तह (Post Graduate Level) का शैक्षिक कार्यक्रम सञ्चालन गर्ने यस विश्वविद्यालयका आंगिक तथा सम्बन्धन प्राप्त सम्पूर्ण क्याम्पस/कलेजहरु

**विषयः नाम–दर्ता (Registration) बारे ।**

**उपरोक्त विषयमा, यस विश्वविद्यालयद्वारा शैक्षिक वर्ष** वि.सं. २०८०/०८१ **समूह** (A.D.: 2023 Batch) **मा विज्ञान तथा प्रविधि संकायमा अधि-स्नातक तह** (Post Graduate Level) **अन्तर्गत सञ्चालित PGDCA शैक्षिक कार्यक्रमको प्रथम सेमेस्टरमा प्रवेश लिएका विद्यार्थीहरुको विश्वविद्यालयमा नाम-दर्ता** (Registration) **गर्न गराउन** सेमेस्टर तथा वार्षिक परीक्षा प्रणाली अनुसार सञ्चालित स्नातक एवं स्नातकोत्तर तहका विभिन्न शैक्षिक कार्यक्रमहरूको रजिस्ट्रेशन फर्म भर्ने भराउने सम्बन्धी निर्देशिका* **मा निर्दिष्ट प्रक्रिया अनुसार विश्वविद्यालयद्वारा स्वीकृत सीट संख्या** (Quota) **भित्र रही यस कार्यालयद्वारा तोकिएको** Online Website **मार्फत विद्यार्थीहरुको आवश्यक विवरण भरी तथा सम्बन्धित विद्यार्थीहरू मार्फत् तोकिएको रजिस्ट्रेशन फर्म भरी/भराई उक्त** निर्देशिका***मा उल्लेख भए अनुसारका प्रमाण-पत्रहरू र आवश्यक शुल्कको बैंक भौचर सहित मिति** २०८०/११/३० (A.D.: 2024/03/13) **गते भित्र सोही** निर्देशिका***मा उल्लेखित माध्यमबाट यस कार्यालयमा बुझाउन हुन जानकारी गराउँदछु ।**

**पुनश्चः तोकिएको समय भित्र रजिस्ट्रेशन फर्म भर्न भराउन छुट भएका विद्यार्थीहरूको नियमानुसार लाग्ने शुल्कको दोब्बर शुल्क सहित मिति** २०८०/१२/०७ (A.D.: 2024/03/20) **गते भित्र उपरोक्तानुसार** (Online Entry **समेत गरी**) **रजिस्ट्रेशन फर्म भरी भराई जम्मा हुन आएको शुल्कको बैंक भौचर सहित उक्त रजिस्ट्रेशन फर्म**(हरू) **सोही** निर्देशिका***मा उल्लेखित माध्यमबाट यस कार्यालयमा बुझाउनु पर्नेछ ।**

**नोटः रजिस्ट्रेशन फर्महरू विराटनगर स्थित पू.वि., परीक्षा व्यवस्थापन कार्यालय तथा सिनामंगल, काठमाडौं स्थित पू.वि., परीक्षा व्यवस्थापन इकाइ कार्यालय मार्फत् उपलब्ध गराइनेछ । अथवा, यस परीक्षा व्यवस्थापन कार्यालयको** website (www.puexam.edu.np) **मार्फत्** download **गरी प्रयोग गर्न सकिनेछ ।**

**साथै, माथि उल्लेखित** सेमेस्टर तथा वार्षिक परीक्षा प्रणाली अनुसार सञ्चालित स्नातक एवं स्नातकोत्तर तहका विभिन्न शैक्षिक कार्यक्रमहरूको रजिस्ट्रेशन फर्म भर्ने भराउने सम्बन्धी निर्देशिका* **यस परीक्षा व्यवस्थापन कार्यालयको** website (www.puexam.edu.np) **मार्फत् उपलब्ध गर्न सकिनेछ ।**

**नाम-दर्ता** (Registration) **सम्बन्धी आवश्यक सोधपुछका लागि यस कार्यालयको फोन नं. ०२१- ४६४५०२ मा सम्पर्क गर्न सकिनेछ ।**

..............................
**बालेन्दु हमाल**
**(परीक्षा नियन्त्रक)**